# गौरीगङ्गा प्राविधिक शिक्षा प्रोत्साहन कार्यविधि, २०८१

**प्रस्तावनाः**

यसनगरपालिकाका छात्रछात्राहरुको पर्याप्त पहुँच प्राविधिक तथा व्यवसायिक शिक्षामा नभएको र प्राविधिक शिक्षालयहरु सीमित स्रोत साधनका कारण अपेक्षित रुपमा सञ्चालन हुन् नसकेको हुँदा प्राविधिक शिक्षामा लक्षित समूहका छात्रछात्राहरुको पहुँच बढाउनुकासाथै प्रविधिक शिक्षालयहरु सुदृढ गरी गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षामा प्रोत्साहन गर्न आवश्यक देखिन्छ । यस नगरपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार छात्रछात्राहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण गर्न र प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई सञ्चालन अनुदान वितरण गर्न वाञ्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), गौरीगङ्गा शिक्षा ऐन, २०७६ को दफा ४६ (घ) र गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४(१) ले दिएको अधिकार बमोजिम गौरीगङ्गा नगरपालिकाको कार्यपालिकाले यो **गौरीगङ्गा प्राविधिक शिक्षा प्रोत्साहन कार्यविधि २०८१** स्वीकृत गरी लागु गरेको छ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/०७

## परिच्छेदः १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **गौरीगङ्गा प्राविधिक शिक्षा प्रोत्साहन कार्यविधि, २०८१** रहेकोछ।

(ख) यो कार्यविधि गौरीगङ्गा नगरपालिकाको कार्यपालिबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिबाट गौरीगङ्गा नगरपालिका, कैलाली भरी लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यविधि"** भन्नाले गौरीगङ्गा प्राविधिक शिक्षा प्रोत्साहन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

(ख) **"नगरपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिका, कैलालीलाई सम्झनु पर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) **"प्राविधिक शिक्षा "** भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट अनुमति लिई सामुदायिक विद्यालयहरुमा सञ्चालित विभिन्न विधा तर्फका कक्षामा पठन-पाठन हुने विषय सम्झनु पर्छ।

(ङ) **"प्राविधिक शिक्षालय "** भन्नाले गौरीगङ्गा नगरपालिकाभित्र प्राविधिक शिक्षा अध्ययन अध्यापन हुने सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्छ।

(च) **"शिक्षा, युवा तथा खेलकुद शाखा"** भन्नाले गौरीगङ्गा नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(छ) **"प्रमुख"** भन्नाले गौरीगङ्गा नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गौरीगङ्गा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयप्रमुखलाई सम्झनु पर्छ।

(झ) **"शिक्षा समिति"** भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(ञ) **"वडा"** भन्नाले गौरीगङ्गा नगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ।

(ट) **"विपन्न"** भन्नाले गौरीगङ्गा नगरपालिकाको वडा कार्यालयहरुले नियमानुसार विपन्न भनी सिफारिस गरिएको विद्यार्थी वा उसको परिवारलाई सम्झनु पर्छ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट अनुमति वा स्वीकृती लिई नियमित अनुदान प्राप्त गर्ने गौरीगङ्गा नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुलाई सम्झनु पर्छ।

(ड) **"छात्रवृत्ति"** भन्नाले तोकिएको सूचनाको आधारमा छनौट भएका छात्रछात्राहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि नगरपालिकाले उपलब्ध गराउने वार्षिक मौद्रिक सुविधा सम्झनु पर्छ।

**(ढ) "स्थायी बासिन्दा"** भन्नाले अन्य स्थानीय तहबाट यस नगरपालिकामा बसाईसराई गरेर आएका वा मतदाता सूचीमा नाम समावेश भएका र स्थायी रुपमा निरन्तर वसोवास गरिरहेका नागरिकलाई सम्झनु पर्दछ।

**(ण) "अनुदान"** भन्नाले प्राविधिक शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरुलाई सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाबाट वार्षिक रुपमा एकमुष्ट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## छात्रवृत्तिका लागि समावेस गरिएको विषय क्षेत्र तथा लक्षित समूह

३. नगरपालिकाबाट निम्नानुसारका प्रि-डिप्लोमा तहका १८ महिने प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको लागि मात्र छात्रवृत्ति उपलब्ध गराइने छ।

(क) पशुविज्ञान

(ख) कृषि/बाली विज्ञान

(ग) सिविल ईन्जिनियरिङ्ग

४. नगरपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षालयमा उल्लेखित विषय क्षेत्रहरुमा अध्ययन गरिरहेका नगरपालिकाभित्र स्थायी वसोवास गर्ने नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड र तोकिएको सङ्ख्याका विपन्न तथा जेहेन्दार छात्रछात्राहरु यस छात्रवृत्तिको लक्षित समूहमा पर्ने छन्। तर तोकिएको सङ्ख्यामा छात्रवृत्तिको लागि विद्यार्थी अपुग भएमा नगरपालिकाभित्र स्थायी वसोवास नगर्ने छात्रछात्राहरु पनि तोकिएबमोजिम सहभागी हुन पाउने छन्।

## परिच्छेद-३

## <u>छात्रवृत्तिका लागि लाभग्राही विद्यार्थी छनौट, निरन्तरताका आधार तथा सर्तहरु</u>

**५. छात्रवृत्ति वितरणका आधारहरूः**

क) नगरपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षालयमा बुदाँ नं. ३ मा उल्लेखित तह र विषयको प्रवेश परीक्षा उत्तीर्ण र भर्ना भई नियमित अध्ययन गरिरहेको।

ख) छात्रवृत्तिका लागि निवेदन दिएको वर्ष अन्य कुनै छात्रवृति नपाएको भनी अध्ययनरत शिक्षालयको सिफारिस भएको।

ग) नगरपालिकाको स्थायी बासिन्दा तथा विपन्न परिवारको विद्यार्थी हो भनी सम्बन्धित वडा कार्यालयको सिफारिस गरेको ।

घ) उच्च अनुशासन, असल आचरण तथा जेहेन्दार भएको ।

ङ) सूचना जारी गरी प्राप्त आवेदनहरुको जाचँबुझगरी कार्यविधिको अनुसुची २ मा तोकिएको आधारमा योग्यता सूची तयार गरी योग्यताक्रम अनुसार छात्रवृत्तिका लागि छनौट गरिने।

**६.छात्रवृत्ति पाएका विद्यार्थी निम्न अवस्थामा छात्रवृतिका लागि ग्राह्य हुने छैननः**

क) जम्मा विद्यालय खुलेको दिनको न्यूनतम ७५ प्रतिशत उपस्थिति नभएमा।

ख) अध्ययनको सिलसिलामै २० वर्ष भन्दा कम उमेरमा विवाह गरेमा।

ग) गलत वा झुटा विवरण भरेको प्रमाणित भएमा।

घ) नगरपालिका तथा विद्यालय प्रशासनले तोकेको अन्य नियम उलङ्घन गरेको प्रमाणित भएमा।

ङ) लागु पदार्थ दुर्व्यसन, यौन हिंसा लगायतका कुनै गैरकानुनी कार्यमा संलग्न भएको पाइएमा।

७. छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक छात्रछात्राले कम्तीमा ३ महिना अवधिको लागि गौरीगङ्गा नगरपालिकाले तोकेको स्थानमा खटिएर अध्ययनसँग सम्बन्धित विषयमा स्वयम् सेवा गर्नुपर्ने र शर्त लिखित रुपमा मञ्जुर गर्नुपर्ने छ।

८. बुँदा ७ बमोजिमको शर्त मञ्जुर गरी अध्ययन समाप्त पश्चात शर्त कार्यान्वयन नगरेमा छात्रवृत्ति बापत उपलब्ध गराइएको रकम १० प्रतिशत ब्याज सहित सरकारी बाँकी सरह निजको चलअचल सम्पतिबाट असुल उपर गरिनेछ ।

## परिच्छेद-४

## <u>छात्रवृत्ति कोटा, रकम तथा रकम निकासा प्रक्रिया</u>

९.यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तपसिलको सङ्ख्यामा पूर्ण र आंशिक छात्रवृत्ति कायम गरी उपलब्ध गराइने छः-

| क्र.सं. | छात्रवृत्तिको विधा | छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या | | छात्रवृत्ति प्राप्त गर्ने जम्मा सङ्ख्या | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | | |
| १ | बाली/कृषि विज्ञान | ५ | ५ | १० | ३० |
| २ | पशु विज्ञान | ५ | ५ | १० | |
| ३ | सिविल ईन्जिनियरिङ्ग | ५ | ५ | १० | |

१०. यस कार्यविधि बमोजिम उपलब्ध हुने छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थी अध्ययन गरिरहेको प्राविधिक शिक्षालयले तोकेको वार्षिक अध्ययन शुल्क वापतको रकम शिक्षालयलाई उपलब्ध गराईनेछ र सो रकम पूर्ण छात्रवृत्तिको अधिकतम रु.चालिस हजार मात्र हुनेछ भने आंशिक छात्रवृत्तिको रकम पूर्ण छात्रवृत्ति रकमको ५० प्रतिशत हुनेछ। नगरपालिकाले सम्बन्धित प्राविधिक शिक्षालयसँग समन्वय गरी छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले रु. चालिस हजारमा पुरा अध्ययन गर्नसक्ने व्यवस्था मिलाउनु पर्नेछ।

११. योग्यता क्रमको आधारमा छनौट भएका विद्यार्थीहरुलाई नगरपालिकाबाट उपलब्ध हुने छात्रवृत्ति रकम निजहरुले अध्ययन गरिरहेका प्राविधिक शिक्षालयबाट प्राप्त निजहरुको अध्ययन प्रगति प्रतिवेदनको आधारमा अर्धवार्षिक रुपमा सोही शिक्षालयको खातामा पठाइनेछ।

## परिच्छेदः ५

## अनुदान सम्बन्धी व्यवस्था

**१२. अनुदान प्राप्त गर्ने शिक्षालयको योग्यताः**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सम्बन्धन लिइ प्रि-डिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम सञ्चालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामुलक सङ्गठित संस्था भएको।

ख) चालु शैक्षिक सत्रमा विद्यार्थी भर्ना कुनै एक कार्यक्रममा तोकिएको कोटाको कम्तीमा ५० प्रतिशत विद्यार्थी अध्ययनरत रही रजिस्ट्रेसन कायम भएको।

**१३.अनुदान लिने प्रक्रियाः**

क) प्राविधिक शिक्षा कार्यक्रमका सञ्चालनका लागि अनुदान माग गर्ने विषयमा शिक्षालयको सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णय भएको हुनु पर्दछ।

ख) शिक्षालयको सञ्चालक समिति वा व्यवस्थापन समितिको निर्णयको आधारमा अनुदान रकम किटान गरी अनुदान रकम माग गर्नु पर्नेछ।

**१४.अनुदान रकम माग गर्न सङ्लग्न गर्नुपर्ने कागजात :**

क) प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले प्रदान गरेको सम्बन्धन वा स्वीकृति वा अनुमति पत्रको प्रतिलिपि।

ख) अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

घ) प्रशिक्षक, विद्यार्थी, भैतिक अवस्था, प्रयोगात्मक स्थल, शिक्षालय-औधोगिक प्रतिष्ठान सम्बन्ध उत्तीर्ण विद्यार्थीको रोजगारीको अवस्था लगायतका विषयवस्तु खुल्नेगरी तयार गरिएको शिक्षालयको सङ्क्षिप्त विवरण सहितको प्रतिवेदन।

ङ) चालु शैक्षिक वर्षमा रजिष्ट्रेसन भएका विद्यार्थीहरुको रजिष्ट्रेसन नम्बर खुल्नेगरी विद्युतीय प्रणालीबाट जारी भएको प्रतिवेदन।

च) अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम बाँडफाडको विवरण।

**१५. नगरपालिकाको दायित्व :**

क) बुँदा १२ बमोजिमको प्रविधिक शिक्षालयको योग्यता र संलग्न कागजातहरुको जाँच गर्ने।

ख) योग्यता पुगेका प्राविधिक शिक्षालयहरुबाट बुँदा १४ बमोजिमको कागजात संलग्न राखी अनुदान माग गरिएका शिक्षालयहरुले अनुदान रकमको सदुपयोग हुने/ नहुने सुनिश्चितता गर्ने।

ग) उप-बुँदा (ख) बमोजिम अनुदानको लागि उपयुक्त देखिएमा प्रतिशिक्षालय अधिकतम रु. १ लाखका दरले हुनेगरी शिक्षालयको खातामा सञ्चालन तथा व्यवस्थापन अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

**१६. अनुदान रकमको उपयोग :**

क) अनुदान रकमको परिचालन र लेखाङ्कन गर्ने गराउने दायित्व शिक्षालय प्रमुखको हुनेछ।

ख) अनुदान रकम देहायका क्षेत्रमा परिचालन गर्न सकिनेछ :

१) प्रशिक्षक पारिश्रमिक,

२) विषयगत औजार, उपकरण र दैनिक प्रशिक्षण सामग्री खरिद

३) प्रयोगात्मक अभ्यासको सुनिश्चितता हुने अन्य क्रियाकलाप।

## परिच्छेद-६

## छात्रवृत्ति सम्बन्धी थप व्यवस्था

१७. नगरपालिकाबाट बितरण गरिने छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न शिक्षा समिति गठन गरिने छ। यस कार्यक्रमका लागि शिक्षा समितिको बैठकमा तपसिलका व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिने छ ।

तपसिलः

क) नगर उपप्रमुख

ख) नगरप्रमुले मनोनयन गरेको प्राविधिक शिक्षालयको प्रधानाध्यापक एक जना

ग) प्राविधिक तथा व्यवसायिक शिक्षा विषयका विज्ञहरु मध्येबाट २ जना

१९. बुँदा नं. १७ बमोजिमको कार्यक्रम र सोको बैठक सम्बन्धी थप कार्यबिधि शिक्षा समितिले तोके बमोजिम हुनेछ।

२०. बुँदा नं. १७ (ख) र (ग) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

२१. छात्रवृत्ति वितरणसम्बन्धमा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) यस कार्यविधिको अधीनमा रही छात्रवृत्ति वितरणका लागि लक्षित समूहका विद्यार्थीहरुबाट दरखास्त आवाहनको सूचना प्रकाशन, प्राप्त भएका आवेदन उपर छानबिन तथा मूल्याङ्कन गरी योग्य उम्मेदवार छनौटगरी छात्रवृत्तिको लागि सम्बन्धित प्राविधिक शिक्षालयलाई सिफारिस गर्ने।

ख) छात्रवृत्ति वितरणका लागि आवश्यक वजेटको व्यवस्था गर्न कार्यपालिकालाई सिफारिस गर्ने।

ग) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई अध्ययन पुरा भए पश्चात नगरपालिकाको कुनै कार्यालय तोकी स्वयम् सेवकको लागि खटाउने तथा निजहरुको स्वयम् सेवाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

घ) छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालयहरुसँग समन्वय गर्ने।

ङ) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जुमाका लागि नगरपालिकामा राय सुझाव पेश गर्ने।

## परिच्छेद-७

## विविध

२२. **विल भरपाईः** छात्रवृत्ति रकम प्राप्त भएपछि प्राविधिक शिक्षालयले सम्बन्धित विद्यार्थीहरुलाई भरपाई गराई रकम उपलब्ध गराउने वा उक्त रकमबाट आवश्यक शुल्क कटाई त्यसको प्रमाणित रसिद विद्यार्थीलाई उपलब्ध गराउने र प्रमाणित प्रतिलिपि शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ।

२३. **छात्रवृत्ति प्रदान गरिनेः** नगरपालिकाबाट प्रदानगरिने छात्रवृत्ति एकाघरको परिवारबाट १ जनालाई मात्र र एक व्यक्तिको लागि एक पटक मात्र उपलब्ध गराइनेछ।

२४. **अनुगमनः** छात्रवृत्ति र अनुदान रकम परिचालन सम्बन्धी सम्बन्धित वडा कार्यालय र नगरपालिकाले एकल वा संयुक्त रुपमा अनुगमन गर्न सक्नेछ।

**२५. सरकारी बाँकी सरह असुल हुनेः** छात्रवृत्ति र अनुदान रकमको दुरुपयोग वा हिनामिना भएको पाइएमा दाम काम गर्ने कर्मचारी वा व्यक्तिबाट सरकारी बाँकि सरह असुल हुनेछ।

२६. **कार्यविधि संशोधनः** यस कार्यबिधिको कुनैपनि बुंदा तथा उप-बुंदा आवश्यकता अनुसार संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२७. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै विवाद वा कुनै प्राविधिक समस्या उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

२८. **यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

## अनुसूचीः १

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :**

१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (BLE, SEE, +2)

२) गौरीगङ्गा नगरपालिकामा स्थायी बसोवास गरेको प्रमाण (जन्म दर्ता प्रमाण पत्र / नागरिकताको प्रमाण पत्र / बसाई सराईको प्रमाण पत्र)

३) सम्बन्धित वडाबाट आर्थिक रुपमा विपन्न भएको सिफारिस पत्र (आमा/बाबुको मृत्यु भएको भए मृत्युदर्ता प्रमाणपत्र)।

४) अपाङ्गताको लागि अपाङ्गता परिचय पत्रको प्रतिलिपि।

५) सम्बन्धित वडाबाट जातिगत (दलित, आदिवासिजनजाति अन्तर्गत लोपोन्मुख, सिमान्तकृत, अति सिमान्तकृत र सुविधा वञ्चित हो भन्ने) सिफारिस पत्र।

## अनुसूचीः २

**छात्रवृत्ति छनोटका आधारहरू**

| क्र.स. | विवरण | अङ्क | विवरणको विस्तृतीकरण |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | ५ | +२उत्तीर्ण भए ५अङ्क, SEE मा १.६ वा सोभन्दा बढी GPA प्राप्त गरेको भए ३ अङ्क र SEE मा दुई विषयसम्म NG भए २ अङ्क (कुनै एक तहको मात्र) |
| २. | दलित | १० | |
| ३. | महिला | १० | |
| ४. | विपन्नता | १० | आमा र बाबु दुबै नभए १० अङ्क, आमा वा बाबु मध्ये एक नभए ८ अङ्क, परिवारका सदस्यको कुनै रोजगारी नभएको ६ अङ्क, अन्य विपन्न ५ अङ्क |
| ५. | जनजाति | १० | लोपोन्मुख समूह भए १० अङ्क, अति सिमान्तकृत समूह भए ८ अङ्क, सिमान्तकृत समूह भए ६ अङ्क, सुविधा वञ्चित समूह भए ४ अङ्क, उन्नत समूह भए २ अङ्क |
| ६. | अपाङ्गता | ५ | ख वर्गको परिचयपत्रः १० अङ्क,<br>ग वर्गको परिचयपत्रः ८ अङ्क, घ वर्गको परिचयपत्रः ६अङ्क |
| | **कुल जम्मा** | **५०** | |

**नोटः** माथिका आधारबाट योग्यताक्रम तयार गर्दा अङ्क बराबर भएमा गोला प्रथाबाट छनोट गर्ने।

अनुसूचीः ३

<u>प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति फारमको ढाँचा</u>

| |
|---|
| दुवैकान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |

मिति : ...................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गौरीगङ्गा नगरपालिका,
कार्यापालिकाको कार्यालय, चौमाला, कैलाली।

**विषयः** प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति ................................मा प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सूचना बमोजिम कैलाली जिल्ला गौरीगङ्गा नगरपालिकाको वडा नं. .... को ............ गाउँ/टोलको स्थायी निवासी श्री ....................................... को नाति/नातिनी श्री ............................... तथा श्री ................................ को छोरा/छोरी म निवेदक .............................. ले ..................................... विद्यालयमा ................. विषय लिई १८ महिने प्रि-डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार तथा ..........................(दलित/जनजाति/अपाङ्ग भए) विद्यार्थी भएकोले तहाँ नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनी श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु । सूचनामा माग भए बमोजिमको प्रमाणित गरी कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु। धन्यबाद ।

<u>निवेदक</u>

नाम थरः .........................................
दस्तखतः .........................................
ठेगानाः .........................................
फोन नं. .........................................
नागरिकता नं. ...................................

अनुसूची ४

**प्रतिवद्धता-पत्रको ढाँचा**

| |
|---|
| दुवै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो |

मिति : ..................................

**प्रतिवद्धता-पत्र**

कैलाली जिल्ला गौरीगङ्गा नगरपालिकाको वडा नं. ..... को..............गाउँ/टोलको स्थायी निवासी श्री................................... को नाति/नातिनी श्री.................................... तथा श्री.......................................... को छोरा/छोरी म निवेदक ...................................... ले हाल श्री .......................................... विद्यालयमा ................ विषय लिई १८ महिने प्रि-डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको छु । म आर्थिक रुपमा विपन्न, जेहेन्दार तथा दलित/जनजाती/अपाङ्ग विद्यार्थी भएकोले यस नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात नगरपालिकाले तोकेको क्षेत्रमा कम्तिमा ३ महिना स्वयम् सेवा गर्ने लिखित प्रतिवद्धता जाहेर गर्दछु ।

| प्रतिवद्धता जाहेर गर्नेको | प्रतिवद्धता जाहेर गर्नेको प्रमुख संरक्षकको |
|---|---|
| नाम थरः ................................... | नाम थरः ................................... |
| ठेगानाः ................................... | ठेगानाः ................................... |
| दस्तखतः ................................... | दस्तखतः ................................... |
| फोन नं. ........................................ | फोन नं. ........................................ |
| नागरिकता नं. .................................. | नागरिकता नं. .................................. |
| औंठा छापः | औंठा छापः |
| दायाँ बायाँ | दायाँ बायाँ |